आज मिति २०८३ जेठ २७ गते दिउँसो १:३० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार विष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर विष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | माधव प्रसाद जोशी | कार्यपालिका सचिव | |

## मिति २०८३ जेठ २७ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

निर्णय नं. १

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा र समसामयिक विषयमा छलफल गरियो।

निर्णय नं. २

आर्थिक बर्ष २०८२।०८३ को अन्तिम समय तिर भएकोले असार महिनाको २५ गतेसम्म अत्यावश्यक काम बाहेक कुनैपनि कर्मचारीलाई काज, बिदा, गोष्ठी, सेमिनार आदिमा पठाउँदा कार्यालयमा सेवाग्राहीको काममा बाधा पर्नसक्ने भएकोले सबै कर्मचारीलाई कार्यालयमा हाजिर रहने गरि काज, बिदा, गोष्ठी, सेमिनार आदिमा नपठाउने निर्णय गरियो ।

निर्णय नं. ३

थलारा गाउँपालिकाको विपद सम्वेदनशील सामाजिक सुरक्षा कार्यसञ्चालन कार्यविधि, २०८३ उपर ब्यापक छलफल गरि पारीत गरियो।

निर्णय नं. ४

यस गाउँपालिकाको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम उपर छलफल गरि पारीत गरियो।

निर्णय नं. ५

बाढी पहिरो जस्ता बिपदजन्य कारणबाट क्षतिग्रस्त सिचाई कुलोहरु प्राविधिक स्टीमेट अनुसार मर्मत कार्य गर्ने र सो को भुक्तानी विपद व्यवस्थापन कोषबाट गर्ने भन्ने निर्णय छलफल गरि पारीत गरियो।

२०८३/०२/२७
माधव प्रसाद जोशी
प्र. प्र. अ.